# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड २ संख्या ३ मिति २०७५ बैशाख ९**

# भाग १

## जोरायल गाउँपालिकाको सूचना

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः**

**प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन, २०७५**

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम

स्थानीय तहलाई तोकीएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम जोरायल गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार प्रारम्भ :** (१) यो ऐनको नाम जोरायल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन जोरायल गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

२. **परीभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) "ऐन" भन्नाले जोरायल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले जोरायल गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले जोरायल गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकीयका अधिकार क्षेत्रभित्रका विषयमा तोकीएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नको निमित्त जोरायल गाउँपालिकाले आवश्यक नियम बनाउने सक्नेछ।

जोरायल गाउँपालिका

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघिय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही जोरायल गाउँ कार्यपालिको आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिम ऐन तथा नियमावली नबनाइकन पनि नेपालको सविधान र अन्य कानूनमा उल्लिखत स्थानीय तहको अधिकारक्षेत्रको विषयमा जोरायल गाउँ कार्यपालिकाले आवश्यकता

जोरायल गाउँपालिका

अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ।

**आज्ञाले**

**समिर भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**

जोरायल गाउँपालिका